# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

## मितिः २० अगस्त २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. देशको बिभिन्न हिससगै पहाड तराई डुवर्स क्षेत्रका सबै नेपाली बहुल क्षेत्रहरूमा ३३ औं भाषा मान्यता दिवस भव्यताका साथ पालन।

२. लोकसभामा संविधान (130औं संशोधन) विधेयक 2025, केन्द्र शासित प्रदेश सरकार (संशोधन)विधेयक2025, र जम्मू कश्मीर पुनर्गठन (संशोधन) विधेयक 2025, आज पेश गरियो

३. दार्जीलिङका लोकसभा सांसद राजु बिष्टले आज केन्द्रीय सडक परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीलाई राष्ट्रिय राजमार्ग - १० को प्रचलित अवस्थाको बारेमा जानकारी गराउन भेट गर्नुहुँदै आफ्नो विस्तृत क्षेत्र भ्रमण प्रतिवेदन बुझाउनु भयो।

४. बङ्गालको खाडीमा बनेको गहिरो न्यून चापीय प्रणालीका कारण आगामी केही दिन समुद्र अशान्त रहने सम्भावना रहेको मौसम विभागले जनाएको छ ।

**भाषा-मान्यता**

भारतीय संविधानको आठौं अनुसूचीमा नेपाली भाषाले संवैधानिक मान्यता पाएकोमा, सम्पूर्ण देश सगै पहाड तराई डुवर्स क्षेत्रका सबै नेपाली बहुल क्षेत्रहरूमा ३३ औं भाषा मान्यता दिवस भव्यताका साथ मनाइएको छ। यसै सन्दर्भमा, दार्जीलिङमा आज विभिन्न संघ-संस्थाहरूले भव्यताका साथ 34औं नेपाली भाषा मान्यता दिवस पालन गरे। यसरी नै गोर्खा जनमुक्ति मोर्चाले पनि स्थानीय सिंहमारीस्थित सेक्रेट हार्ट चर्चमा नेपाली भाषा मान्यता दिवस पालन गर्‍यो। जसमा गोजमुमो अध्यक्ष विमल गुरूङ, महासचिव रोशन गिरी मुख्यरूपले उपस्थित रहेका थिए। यसतै मिरिक महकुमा अन्तर्गत तराईको उत्तर च्याङ्गा बस्ती सार्वजनिक भवनमा ३३ औं भाषा मान्यता दिवस भव्यताका साथ मनाइएको छ। ओम नीलकण्ठ सेवा संस्थाद्वारा आयोजित कार्यक्रमको पहिलो भागमा, स्थानीय नागरिकहरूले "नेपाली भाषा हाम्रो जीवन हो, भाषा हाम्रो पहिचान हो" भन्ने नारा लगाउँदै र्‍याली निकालेर सम्पूर्ण गाउँको परिक्रमा गरेका थिए। यस्तै साहित्य सुनाै परिवार मिरिकको आयोजना आज कृष्णनगरस्थित भूतपूर्व सैनिक भवनमा भव्यताकाे साथ विविध कार्यक्रम माझ नेपाली भाषा मान्यता दिवस पालन गर्याे। साहित्य सुनाै परिवारका अध्यक्ष अमर दुङमालीकाे अध्यक्षतामा सपन्न कार्यक्रममा साहित्यकार मदन ओझा प्रमुख अथितिको रूपमा उपस्थित थिए। कार्यक्रममा वर्तमान परिपेक्षमा नेपाली भाषा प्रयोगमा चुनौती विषयमा अन्तर विद्यालय वाक पटुता प्रतियोगिता सम्पन्न गरियाे। कार्यक्रममा नेपाली भाषा मान्यता आन्दोलन सड़कदेखि संसदसम्म भन्ने विषयमा साहित्यकार अरूण चन्द्र कुलुङ अनि नेपाली भाषा मान्यता पछि यसको प्रयोग र स्थिति किशन प्रधानले वार्ता प्रस्तुत गरे। कार्यक्रममा कवि विचन्द्र प्रधानलाई सम्बर्द्धना पनि गरियाे। यसरी नै माध्यमिक र उच्च माध्यमिक परीक्षामा नेपाली विषयमा सर्वोच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूलाई स्वर्गीय सरिता गजमेर स्मृति नगद पुरस्कार पनि प्रदान गरियो। यसैगरी बिजनाबारीको माउ सस्था कला सगमको आयोजना तथा वारिपरीको सघ सघ सस्थाहरुको उपस्थितिमा विविध कार्यक्रमको आयोजना गरी भाषा दिवस पालन गरियो यता खर्सांगको बिभिन्न स्थानहरुसगै कालेबुंग सिलिगुडी

तराई डुवर्स लगायतका स्थानहरुका सघ सस्थाहरुले पनि भाषा दिवसको अवसरमा बिभिन्न कार्यक्रमहरु आयोजना गरिएको बताइएको छ

**जनपुस्तकालय**

गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा नेपाली भाषा मान्यता दिवस समारोह साथै सम्मान् विभिन्न पुरस्कार अलङ्करण समारोह सम्पन्न भएको छ। उक्त समारोहको अध्यक्षता पुस्तकालयको अध्यक्ष रबीनकुमार प्रधानको अध्यक्षता र खरसाङ महाविद्यालयको प्राध्यापक एंव वरिष्ठ साहित्यकार डा योगेस खातीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रममा विशिष्ट अतिथिको रुपमा खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ, भाइस चेयरम्यान सुवास प्रधान र पूर्व चेयरम्यान समीरदिप ब्लोन उपस्थित रहेका थिए। शिक्षिका गोमा सुब्बाले सञ्चालन गरेकी कार्यक्रममा स्वागत सम्भाषण पुस्तकालयको सचिव विनोद रसाइलीले राखेका थिए। कार्यक्रममा समर्पित भाषा शिक्षक सम्मान सन्त जोसेफ कन्या उच्चत्तर माध्यमिक विद्यालयकी नेपाली भाषाकी शिक्षिका मिना लामा राईलाई प्रदान गरिएको छ

**सीपीआरएम**

क्रान्तीकारी कम्युनिस्ट पार्टी माक्वादीले आज दार्जीलिङ्ग परिसरमा नेपाली भाषामाथि पटक पटक अतिक्रमण भइरहेको विरुद्धमा र्याली निकालेको छ।  यस अवधि पार्टीका नेता अरुण घतानीले पत्रकारलाई सम्बोधन गर्दै गत दिन मङपुका जुडिसियल मजिस्ट्रेटले नेपाली भाषामाथि दिएको टिप्पणीको घोर बिरोध जनाउँदै भारतको आठौं अनुसूचीमा मान्यता पाएको नेपाली भाषालाई यसरी अपमान गरिनु भनेको समस्त नेपाली भाषीलाई अपमान गरिनु हो भन्दै यसमाथि कारवाही गरिनु पर्ने बताउनु भयो। र्यालीमा अरुण घतानीसँगै पार्टी समर्थकहरुले  नेपाली भाषाप्रति माया अनि सम्मान दर्शाएर लेखिएको प्लाकार्डहरु पनि बोकेका थिए।

**ममता बनर्जी**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले केन्द्र सरकारले लोकसभामा पेश गरेको १३० औँ संविधान संशोधन विधेयकको विरोध गर्दै यसलाई 'गणतन्त्रको मृत्युको घण्टी' को संज्ञा दिनु भएको छ। उहाँले यसलाई हिटलरको विधेयकको संज्ञा दिँदै यसबाट जनताको मौलिक अधिकार र लोकतान्त्रिक मूल्यमान्यतामाथि गम्भीर खतरा उत्पन्न भएको बताउनु भयो।

**राजु बिष्ट**

दार्जीलिङका लोकसभा सांसद राजु बिष्टले आज केन्द्रीय  सडक परिवहन  तथा राजमार्ग मन्त्री  नितिन गडकरीलाई राष्ट्रिय राजमार्ग - १० को प्रचलित अवस्थाको बारेमा जानकारी गराउन भेट गर्नुहुँदै आफ्नो  विस्तृत क्षेत्र भ्रमण प्रतिवेदन बुझाउनु भयो। उहाले केन्द्रीय मन्त्रीलाई जानकारी गराउदै भन्नुभयो कि बर्ष  २०२३ को बाढी पछि टिस्ता नदीले धार परिवर्तन गरेको छ, जसले गर्दा राष्ट्रिय राजमार्ग -१० रहेको दायाँ किनारमा गम्भीर कटान भएको छ। नदीको सतह तीव्र रूपमा बढेको छ, जसले गर्दा सिल्ट निकाल्ने काम जरुरी भएको छ। ठाडो ढलान र सक्रिय पहिरोको साथ, काट्ने काम अत्यन्त जोखिमपूर्ण छ। यस मनसुनमा राष्ट्रिय राजमार्ग -१० दुई हप्ता भन्दा अधिक  दिनदेखि बन्द भइसकेको छ, जसले स्थानीय, पर्यटक र व्यवसायहरूलाई गम्भीर असर पारेको छ।

**फोक्सो विशेषज्ञ**

चेन्नईको एमजीएम हेल्थकेयरका वरिष्ठ फोक्सो विशेषज्ञ तथा फोक्सो प्रत्यारोपण सल्लाहकार डा. सौमित्र सिन्हा रोय आगामी २३ अगस्ट  मा खरसाङ आउने भएका छन्। उहाँले बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म नयाँ बजारस्थित "हाम्रो

कञ्चनजङ्घा ट्रस्ट"- मा बिरामीहरूको स्वास्थ्य परामर्श गर्नेछन्। डा. रोयले दम, कोभिडपछिको समस्या, फोक्सोमा भएको क्षति, फाइब्रोसिस, क्यान्सर, सीओपीडी जस्ता जटिल रोगहरूको उपचारमा लामो अनुभव राखेका छन्।

**बार एसोसिएसन**

दार्जिलिङको बार एसोसिएसनले जिल्ला सत्र न्यायाधीशसँगको भेटपछि पत्रकार सम्मेलन गरी मङपु सब -डिभिजन सत्र न्यायाधीश अलकानन्द सरकारबाट बार एसोसिएसन र सम्पूर्ण नेपाली भाषी समुदायसँग माफी मागेको जानकारी दिएका छन्। यस विषयमा  दार्जिलिङ बार एसोसिएसन,दार्जिलिङ जिल्ला सत्र अदालत अध्यक्ष तरङ्गा पण्डित,  उपाध्यक्ष प्रणय राई, महासचिव दिनेश राईले पत्रकार सम्मेलन मार्फत विस्तृत रूपमा जानकारी दिएका छन्।

**मङपू अदालत**

मङपू अदालतमा  भएको एक न्यायिक अधिकारीले विगत केहि दिन अघि कार्यलयका सम्पूर्ण नेपाली कर्मचारीहरुलाई नेपाली भाषा प्रयोगको निषेध फरमान जारी गरिएको अनि यो भाषा नेपालको हो भन्ने गैरजिम्मेदारी बयान दिए वापत सम्पूर्ण भारतभरी छरिएर बसेको भारतीय नेपालीहरुको पक्षबाट सर्वनाम समूह मङपूले घोर भत्सर्ना जनाएको छ। यस बिषयलाई लिएर सर्वनाम समूह मङपूले आज एक पत्रकार सम्मेलन गर्दै मङपू अदालतका न्यायिक अधिकारीले सम्पूर्ण भारतीय नेपाली भाषीहरुलाई क्षमा याचना गरेको हुनुपर्छ भन्ने बिषय माथी जोड दिदै दार्जिलिङ जिल्लापाललाई पत्रचार गर्ने भएको जनाएको छ ।

**मौसम**

बङ्गालको खाडीमा बनेको गहिरो न्यून चापीय प्रणालीका कारण आगामी केही दिन समुद्र अशान्त रहने सम्भावना रहेको मौसम विभागले जनाएको छ । अलीपुर मौसम विज्ञान विभागले मछुवाहरूलाई केहि दिन समुद्रमा नजान अपील गरेको छ। यता उत्तर बङ्गालमा वर्षाको मात्रा बढ्ने मौसम विभागले जनाएको छ । यसका कारण जलपाईगुडी, अलीपुरद्वार र कालिम्पोङ जिल्लामा आगामी दुई दिन भारी वर्षाको सम्भावना छ।

****** ० ******